बैठक संख्याः १।२०८२

बैठक मितिः २०८२।१।१२ गते, समयः विहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।१।१२ गते शुक्रवार विहान ८:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः १।२०८२

बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | किशोर कुमार यादव | इन्जिनियर | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नवप्रवर्तन साझेदारी कोष अन्तर्गत परियोजना प्रस्ताव गर्ने सम्बन्धमा।

२. प्रस्ताव नं. २ : कमलदह पर्यटकीय स्थल निर्माण योजनाको म्याद थप गर्ने सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : सुरक्षित आवास निर्माण योजनाको कार्यान्वयन सम्बन्धमा।

४. प्रस्ताव नं. ४ : ट्याङ्ग्रा खोलाको निकास निर्माण आयोजना संचालनको लागि सशुल्क जग्गा प्राप्तिको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

५. प्रस्ताव नं. ५ : कृषि मोटरको दररेट स्वीकृति सम्बन्धमा ।

६. प्रस्ताव नं. ६ : घर भाडामा लिने सम्बन्धमा ।

७. प्रस्ताव नं. ७ : ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजनाको कार्य अवस्था र Road Crossing सम्बन्धमा ।

८. प्रस्ताव नं. ८ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी सम्बन्धमा ।

९. प्रस्ताव नं. ९ : घुम्ती शौचालय भाडामा लगाउने सम्बन्धमा ।

१०. प्रस्ताव नं. १० : सिकाई अनुभव आदान-प्रदान अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम अन्तर्गतको प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, प्रादेशिक कार्यक्रम सहयोग ईकाई, जनकपुरधामबाट प्रकाशित नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धीको मिति २०८१।१२।२८ गतेको सूचनाको विषय बैठक समक्ष जानकारी भयो। उक्त नवप्रवर्तन साझेदारी कोष अन्तर्गत ससकोशी नगरपालिका स्थित सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुदृढीकरणको लागि सामुदायिक विद्यालयमा प्रविधिमैत्री सिकाई परियोजना सञ्चालन गर्नको लागि रु.१,५०,००,०००।- (एक करोड पचास लाख) बजेटको परियोजना प्रस्तावको अवधारणा पत्र र पूर्ण प्रस्ताव तयार गरी प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, प्रादेशिक कार्यक्रम सहयोग ईकाई, जनकपुरधाममा पेश गर्ने र उक्त परियोजना संचालन गर्नको लागि ससकोशी नगरपालिकाबाट गर्नु पर्ने लागत साझेदारी रु.४५,०००००।- व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो। साथै, उक्त सामुदायिक विद्यालयमा प्रविधिमैत्री

बैठक संख्याः १।२०८२

बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

सिकाई परियोजनालाई सफल रूपमा संचालन गर्नको लागि शिक्षा अधिकृत श्री जय प्रकाश आनन्द चौधरीलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र देहाय बमोजिमको नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति र विशेषज्ञलाई आमन्त्रण गर्न सकिने गरी प्राविधिक समिति गठन गर्ने निर्णय गरियो।

**नवप्रवर्तन साझेदारी कोष कार्यक्रम निर्देशक तथा कार्यान्वयन समिति**

| क्र.सं. | नामथर | पद/जिम्मेवारी | वडा नं. |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख, अध्यक्ष | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख, सदस्य | |
| ३ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष, सदस्य | ३ |
| ४ | श्री जय राम खंग | वडा अध्यक्ष, सदस्य | ४ |
| ५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य, सदस्य | २ |
| ६ | श्री रमेश साह | कार्यपालिका सदस्य, सदस्य | ८ |
| ७ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत, सदस्य | |
| ८ | श्री जय प्रकाश आनन्द चौधरी | शिक्षा अधिकृत, सदस्य सचिव | |

**प्राविधिक समिति**

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं |
| २ | श्री शैलेश कुमार गुप्ता | रोजगार संयोजक |
| ३ | श्री कबिता बस्नेत | लेखा अधिकृत |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर, छैठौं |
| ५ | श्री रण वहादुर मगर | अधिकृत, छैठौ |
| ६ | श्री जय प्रकाश चौधरी | शिक्षा अधिकृत |

**निर्णय नं. २**

सप्तकोशी नगर कार्यपालिकाको मिति २०८१।१२।११ गतेको बैठकबाट आ.व. २०८०।०८१ मा ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot, वडा नं. ११ योजना निर्माणको लागि हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर, सिर्जनानगर, नेपालसँग स्वीकृत कबोल अङ्क रु. ७८,०९,८७८।३७ पैसामा मिति २०८१।०२।१४ गते सम्झौता भई मिति २०८१।३।१५ गते सम्ममा निर्माण सम्पन्न गर्ने गरी कार्य सञ्चालन भएको र निर्माण सम्पन्न

गर्नु पर्ने म्याद भित्र योजना सम्पन्न हुन नसकी पहिलो पटक मिति २०८१।४।९ गते मिति २०८१।४।३२ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको र उक्त म्याद भित्र समेत सो योजनाको निर्माण सम्पन्न हुन नसकेकोले, पुनः दोस्रो पटक मिति २०८१।५।१९ गते मिति २०८१ कार्तिक मसान्तसम्म म्याद थप भएको, तेस्रो पटक मिति २०८१।७।२७ गते मिति २०८१ माघ मसान्तसम्म म्याद थप भएको, चौथो पटक मिति २०८१।१०।३० गते मिति २०८१ चैत्र मसान्तसम्म म्याद थप भएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायी हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि.बाट मिति २०८१।१२।४ गते पहिलो रनिङ्ग विलको भुक्तानी हालसम्म नदिएको कारणले काममा ढिलाई भएको, पेश्की रकम उपलब्ध नभएको र सोही Site मा दोस्रो ठेक्काको निर्माण व्यवसायीले पहिलो चरणको कार्यको लागि बनाएको संरचनामा दखल पुर्‍याएकोले छ महिना म्याद थप गरी कार्य वातावरण बनाई दिन अनुरोध गरी निवेदन पेश हुन आएकोमा उक्त निर्माण व्यवसायीले Field मा कार्य शुरू गरी प्रगति देखिएपछि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय भएकोमा ईन्जिनियर श्री लोकेशचन्द्र पैकरा, ईन्जिनियर श्री किशोर कुमार यादव समेतको प्राविधिक टोलीबाट मिति २०८२।१।११ गते उक्त योजना निर्माणको कार्य सुचारु रहेको भन्ने प्रतिवेदन पेश हुन आएकोले बीमा र कार्य सम्पादन बैङ्क जमानतको म्याद थप गरी उक्त योजना २०८२ साल आषाढ १५ गते भित्रमा निर्माण सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

ससकोशी नगर कार्यपालिकाको मिति २०८१।१२।१९ गतेको बैठकबाट चालु आ.व. २०८१।०८२ मा ससकोशी नगरपालिकाका भूमिहीन दलित/जनजाति र अति विपन्न परिवारहरूको लागि सुरक्षित आवास परियोजना सञ्चालन गर्न ससकोशी नगरपालिका, ह्यबिट्याट नेपाल/महुली सामुदायिक विकास केन्द्रको लागत साझेदारी र सम्बन्धित घरधनीको श्रमदान २५% ले हुने श्रम सहभागिताबाट ससकोशी नगरपालिका वडा नं. २, ३, ७, ९, १० र ११ मा प्रत्येक वडा ५/५ वटाका दरले सम्बन्धित वडामा जग्गाको उपलब्धताको आधारमा ३० वटा सुरक्षित आवास घर निर्माण गर्ने र नगर कार्यपालिकाको मिति २०८१।१२।२० गतेको बैठकबाट ससकोशी नगरपालिका र SAVE THE SAPTARI, RAJBIRAJ को लागत साझेदारी तथा सम्बन्धित घरधनीको २५% ले हुने श्रम सहभागिताबाट ससकोशी नगरपालिकाको वडा नं. १, ५, ६, ८ मा आवश्यकता र जग्गाको उपलब्धता समेतको आधारमा सुरक्षित आवास परियोजना निर्माण/सञ्चालन गर्ने निर्णय भएकोमा सम्बन्धित दुवै लागत साझेदारहरूसँगको छलफल भए बमोजिम एकै स्थानमा कम्तीमा १० वटा सुरक्षित आवास घरहरू निर्माण हुनु पर्ने

भन्ने अवस्थाले गर्दा उक्त दुवै संस्थाहरू ह्यविटयाट नेपाल/माहुली सामुदायिक विकास केन्द्रको लागत साझेदारीमा बन्ने ३० वटा र SAVE THE SAPTARI, RAJBIRAJ लागत साझेदारीमा बन्ने २० वटा गरी जम्मा ५० वटा सुरक्षित आवास सम्वन्धित वडामा उपयुक्त जग्गा उपलब्धताको आधारमा ससकोशी नगरपालिका वडा नं. ३, वडा नं. ७, वडा नं. ८, वडा नं. ९ र वडा नं. १० मा १०/१० वटाको दरले निर्माण गर्ने र उक्त कुनै वडामा उपयुक्त जग्गा उपलब्ध हुन नसकेमा सुरक्षित आवास निर्माणको लागि जग्गा उपलब्ध हुन सक्ने कुनै अन्य वडामा नगर कार्यपालिकाको कार्यालयबाट साझेदार संस्था र सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरी सुरक्षित आवास निर्माण गर्ने निर्णय गरियो । साथै आगामी आ.व. २०८२।०८३ मा सुरक्षित आवास नबनेका वडाहरू वडा नं. १, वडा नं. २, वडा नं. ५, वडा नं. ६ र वडा नं. ११ मा निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ४

ससकोशी नगरपालिकाको नगरमा बहाव क्षेत्र रहेको टेङ्ग्रा खोलाको उचित निकास नहुँदा वर्षायाममा उक्त खोलामा आउने वाढीका कारण सयौं विगाहा खेतीयोग्य जमिन डुवान पर्ने गरेको हुँदा टेङ्ग्रा खोलाको उचित निकास गर्नु अति आवश्यक भई चालु आ.व.२०८१।०८२ मा संघीय सरकारबाट प्राप्त विशेष अनुदान वजेट रु.३००००००।-बाट ट्याङ्ग्रा खोला तथा नदी नियन्त्रणको कार्य वडा नं.२, ४, ६ र ९ मा सञ्चालन भई रहेको र आगामी आर्थिक वर्ष २०८२।०८३ मा समेत विशेष अनुदान वजेट उपलव्ध गराई दिन राष्टिय योजना आयोगमा प्रस्ताव पेश समेत गरिएको सन्दर्भमा उक्त ट्याङ्ग्रा खोलाको निकासको लागि परियोजना संचालन गर्न खोला क्षेत्रमा पर्ने करीव दुई विगाहा निजी जग्गा निशुल्क प्राप्तिको लागि नगर कार्यपालिकाको मिति २०८१ फागुन १३ गतेको निर्णयानुसार मिति २०८१।११।१५ गते सार्वजनिक सूचना प्रकाशन गरिएको र सम्वन्धित जग्गाधनीहरूसँग आवश्यक समन्वय, सहजीकरण गर्नको लागि नगर उप-प्रमुखको संयोजकत्वमा समिति गठन गरी पहल भएकोमा ट्याङ्ग्रा खोलाको वहाव क्षेत्र ससकोशी नगरपालिका वडा नं.४ का जग्गाधनीहरूबाट खोला निकासको लागि निशुल्क दिन नसकिने राय प्राप्त भएकोले ट्याङ्ग्रा खोला तथा नदी नियन्त्रणको परियोजना संचालन गर्नको लागि चौधौं नगर सभाबाट ट्याङ्ग्रा खोला निकासा जग्गाको मुआव्जा वितरणको लागि वजेट रु.१०,००,०००।– (दश लाख) विनियोजन समेत भएकोले ससकोशी नगरपालिका वडा नं.४ का सम्वन्धित जग्गाधनीहरूबाट २० मिटर चौडाईको दरले जग्गा प्राप्त गर्नु पर्ने भएकोले सशुल्क जग्गा उपलव्ध गराउन चाहने जग्गाधनीहरूबाट आ-आफ्नो जग्गाको धनीपूर्जाको प्रति सहितको मन्जुरीनामा र आवेदन पेश गर्नको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

बैठक संख्याः १।२०८२

बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

## निर्णय नं. ५

ससकोशी नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा वित्तीय समानीकरण अनुदान तर्फ कृषि मेशिनरी उपकरण वितरण (५०% अनुदानमा) कार्यको लागि वजेट रु.११०००००।- विनियोजन भएकोमा कृषकहरूको तर्फबाट ५०% सहभागिताले हुन आउने बजेट रकम मिलाएर कृषि मोटर खरीद गर्नु पर्ने भएकोले कृषि मोटरको लागत अनुमान तयार गर्न दररेट कायमको लागि सम्बन्धित फर्महरूबाट दररेट लिई खरीद ईकाईबाट मिति २०८२।१।८ गते सिफारिस भए बमोजिम देहाय बमोजिमको कृषि मोटरको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

### कृषि मोटरको दररेट

| सि.नं | विवरण | Capacity (HP) | Pipe Size (Suction* Delivery)( mm*mm) | Technical Specification | | कायम दररेट रु. (मू.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| 1 | Single Phase Centrifugal Monoblock Pump | 1 | 25*25 | Operating volting range | 1-phase (180v-240v) | 6640 |
| | | | | Motor insulation class | Class-f | |
| | | | | Motor winding | Dual coated F class copper winding | |
| | | | | Winding protection | Thermal overload protection | |
| | | | | Impeller material | Cast iron | |
| | | | | Rotor | Dynamically blanced | |
| | | | | Motor rated speed | 2850rpm | |
| | | | | Rated frequency | 50Hz | |
| | | | | Rotational direction | Anti clockwise when viewed from drive B | |
| | | | | Motor body material | FG200 | |
| | | | | Motor stator design | Low watt loss stamping | |
| | | | | Shaft material | Stainless steel (SS-410) | |
| 2 | Single Phase Centrifugal Monoblock Pump | 1 | 50*50 | Operating volting range | 1-phase (180v-240v) | 15000 |
| | | | | Motor insulation class | Class-f | |
| | | | | Motor winding | Dual coated F class copper winding | |
| | | | | Winding protection | Thermal overload protection | |
| | | | | Impeller material | Cast iron | |
| | | | | Rotor | Dynamically blanced | |
| | | | | Motor rated speed | 2850rpm | |
| | | | | Rated frequency | 50Hz | |
| | | | | Rotational direction | Anti clockwise when viewed from drive B | |
| | | | | Motor body material | FG200 | |
| | | | | Motor stator design | Low watt loss stamping | |
| | | | | Shaft material | Stainless steel (SS-410) | |
| 3 | Single Phase | 1 | 32 mm | Rated Voltage | 1-Phase (180V - 240V) | 15900 |
| | | | | Rated Frequency | 50 HZ | |

बैठक संख्याः १।२०८२

बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| सि.नं | विवरण | Capacity (HP) | Pipe Size (Suction* Delivery)( mm*mm) | Technical Specification | | कायम दररेट रु. (मू.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| | Submersible motor with Pump | | | Rated Speed | 2850 RPM | |
| | | | | Winding Material | Insulated Copper | |
| | | | | Max. Head | 200 Mtr. | |
| | | | | Max. Discharge | Up to 425 LPM | |
| | | | | Motor Type | Water Filled/Oil Filled | |
| | | | | Diffuser Material | Noryl | |
| | | | | Impeller Maaterial | Noryl/Delrin | |
| | | | | Pump Shaft Material | Stainless Steel SS-410 | |
| | | | | NRV Body Material | Cast Iron FG-200 | |
| | | | | Motor Body Material | Stainless Steel SS-202/SS-304 | |
| | | | | Pump Jacket Material | Cast Iron FG-200 | |
| | | | | Upper Housing Motor Base Material | Stainless Steel SS-202 | |
| | | | | Bush | Bronz LTB-4 | |
| | | | | Motor Shaft Material | Stainless Steel SS-420 | |
| | | | | Stamping Material | CRNGO-M47 | |
| | | | | Strainer | Stainless Steel SS-202 | |
| | | | | Sealing | Oil Seal | |
| 4 | Single Phase Submersible motor with Pump | 1.5 | 32 mm | Rated Voltage | 1-Phase (180V - 240V) | 24750 |
| | | | | Rated Frequency | 50 HZ | |
| | | | | Rated Speed | 2850 RPM | |
| | | | | Winding Material | Insulated Copper | |
| | | | | Max. Head | 200 Mtr. | |
| | | | | Max. Discharge | Up to 425 LPM | |
| | | | | Motor Type | Water Filled/Oil Filled | |
| | | | | Diffuser Material | Noryl | |
| | | | | Impeller Maaterial | Noryl/Delrin | |
| | | | | Pump Shaft Material | Stainless Steel SS-410 | |
| | | | | NRV Body Material | Cast Iron FG-200 | |
| | | | | Motor Body Material | Stainless Steel SS-202/SS-304 | |
| | | | | Pump Jacket Material | Cast Iron FG-200 | |
| | | | | Upper Housing Motor Base Material | Stainless Steel SS-202 | |
| | | | | Bush | Bronz LTB-4 | |
| | | | | Motor Shaft Material | Stainless Steel SS-420 | |
| | | | | Stamping Material | CRNGO-M47 | |
| | | | | Strainer | Stainless Steel SS-202 | |
| | | | | Sealing | Oil Seal | |

बैठक संख्याः १।२०८२
बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ६**

ससकोशी नगरपालिका वडा नं.१ स्थित बविता कार्कीको नाममा रहेको जग्गामा निर्मित घरको तेस्रो तलामा रहेको किचेन सहितको तीन कोठा र ट्वाईलेट वाथरुम भएको घर कार्यालयलाई आवश्यक परेकोले मासिक भाडा कर सहित रु.९०००।- र विद्युत महशुल खपत वमोजिम तिर्ने गरी मिति २०८२।०१।०१ गते देखि घरभाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. ७**

ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना, आयोजना कार्यान्वयन ईकाई, ससरीको 22 April 2025 को पत्रबाट स्थलगत कार्य अवस्थाको सम्बन्धमा सम्वन्धित निर्माण व्यवसायीको ईन्जिनियरलाई लेखिएको प्राप्त हुन आएको बोधार्थ पत्रको विषय र Plush Engineers & Architects (P) Ltd. JVB.N. Consultancy (P) Ltd. को ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता संस्थालाई ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतको पाईप लाईनहरूको ससकोशी नगरपालिका मातहतमा रहेका सडकहरूमा नगरपालिकासँग समन्वय गरी देहायका स्थानमा सडक खन्ने स्वीकृति उपलव्ध गराई दिन र पीच काटेको ठाँउमा RCC ढलान गरिने भन्ने व्यहोरामा लेखिएको मिति २०८१।१२।२७ मा प्राप्त हुन आएको बोधार्थ पत्रको विषय बैठक समक्ष जानकारी भयो ।उक्त सम्वन्धमा ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता संस्थालाई खानेपानी आपूर्तिको कार्य यथाशिघ्र सम्पन्न गर्न सवै वडाहरूबाट आवश्यक सहयोग पुर्याउने र Road Crossing गरेको स्थानमा RCC ढलान गरी दिन ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता संस्थालाई लेखी पठाउने र नगरपालिकाबाट ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजनालाई उपलब्ध गराउनु पर्ने रकम कार्य प्रगति मूल्याङ्कनका आधारमा ससकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

Road Crossing हुने स्थानको विवरण

| S.N. | Pipe Crossing Location | Ward No | Type of Road | Category of Road |
|---|---|---|---|---|
| 1 | West End of Bus Park | 1 | Pitch | |
| 2 | Shivalaya Tol | 1 | Pitch | |
| 3 | Raktamala Gate Bus Park | 1 | Pitch | |
| 4 | Bhakunde Chowk | 1 | Pitch | |
| 5 | Machha Farm, Chotti Nahar | 1 | Highway Pitch | |
| 6 | Parsa, Infront of Niraj Chaudhary House | 2 | Pitch | |
| 7 | Thapa Chowk | 3 | Pitch | |
| 8 | Muslim Tol, Sayapatri Chowk | 2 | Pitch | Municipality Road |

बैठक संख्याः १।२०८२
बैठक मितिः २०८२।१।१२ गते, समयः बिहान ८:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| | | | | |
|---|---|---|---|---|
| 9 | Way to Naya Bazar | 1 | Pitch | |
| 10 | Tulsi Chowk | 4 | Gravel | Municipality Road |
| 11 | Balardah Chowk | 4 | Pitch | |
| 12 | Maleth | 11 | Highway Pitch | |
| 13 | Kamalpur Chowk | 8 | Pitch | |

**निर्णय नं. ८**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीको प.सं. अनु.२ङ/८१८२C-०५५५९४-०८१/८२ च.नं.ITH-८१८२-४७१६३ मिति २०८१।१२।२१ गतेको पत्रबाट वडा नं. ९ को स्वास्थ चौकी निर्माण र कमलदह मर्मत सम्भार तथा पर्यटकीय स्थल निर्माणसँग सम्वन्धित उजुरी र प.सं. अनु.२ङ/८१८२C-०६१०७८-०८१/८२ च.नं.ITH-८१८२-५०४०७ मिति २०८२।१।१० गतेको पत्रबाट आ.व.२०८०।०८१ को कमलदहमा संचालित योजना र नगरपालिकाको आ.व.२०८१।०८२ को प्रशासकीय भवन निर्माण सम्वन्धित उजुरीको विषय बैठक समक्ष जानकारी भई उजुरीसँग सम्वन्धित कागजातहरू आयोगमा पठाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मिति २०८१।१२।११ गतेको नगर कार्यपालिका बैठकबाट मधेश प्रदेश सरकार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयबाट सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा उपलब्ध गराइएको घुम्ती शौचालय सप्तकोशी नगरपालिका वडा नं. १ स्थित सोमवारे एवं शुक्रवारे हटियामा आलोपालो मिलाई सञ्चालन गर्ने र पिसाव फेरेको प्रतिव्यक्ति रु. ५।- र शौच गरेको प्रतिव्यक्ति रु. १०।- को दरले सरसफाइ शुल्क लिने निर्णय भएकोमा उक्त घुम्ति शौचालय कर सहित वार्षिक रु. १५०००।- न्यूनतम ठेक्का अङ्क कायम गरी भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

सप्तकोशी नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा जनप्रतिनिधि पदाधिकारीको लागि अन्तर प्रदेश असल अभ्यास सिकाईका लागि अनुभव आदान-प्रदान शीर्षकमा विनियोजित वजेटबाट नगर कार्यपालिकाका सदस्यहरू, नगर सभाका सदस्यहरू र कर्मचारी सहितको टोली असल अभ्यास सिकाई अनुभव आदान-प्रदानको लागि गण्डकी प्रदेश अन्तर्गतका स्थानहरूमा भ्रमणमा जाने निर्णय गरियो ।